दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक



हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१



वर्ष ३८ | अंक ८३ | बुटवल | २०८२ चैत ०९ गते, सोमबार | नेपाल संवत ११४६ | Monday March 23, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini


## अब राष्ट्रिय परिचयपत्र र नागरिकताका लागि छुट्टाछुट्टै फारम भर्न नपर्ने



बुटवल । सरकारले केन्द्रीकृत नागरिकता व्यवस्थापन सूचना प्रणाली र राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीबिच अन्तरआबद्धता गरी सेवा प्रवाह सुरु गरेको छ।

गृहमन्त्री ओमप्रकाश अर्यालले आइतबार जिल्ला प्रशासन कार्यालय ललितपुरको निरीक्षणको क्रममा सञ्चारकर्मीहरुसँग कुरा गर्दै सो जानकारी दिएका हुन्।

यससँगै सेवाग्राहीले एउटै प्रकृतिका विवरणका लागि विभिन्न सरकारी निकायमा छुट्टाछुट्टै फारम भर्नुपर्ने नपर्ने भएको छ।

गृहमन्त्री अर्यालले राष्ट्रिय परिचयपत्र प्राप्त गर्न सेवाग्राहीहरूले हालसम्म विवरण दर्ता आवेदन फारम भरी जैविक (बायोमेट्रिक) विवरण दिनका लागि तोकिएका राष्ट्रिय परिचयपत्र इकाईमा उपस्थित हुनुपर्ने बाध्यता हट्न गई सेवाग्राहीको समय र आर्थिक लागत समेत बचत हुने बताए।

'गृह मन्त्रालय सञ्चालनमा रहेको केन्द्रीकृत नागरिकता व्यवस्थापन सूचना प्रणाली र राष्ट्रिय परिचय व्यवस्थापन सूचना प्रणालीबिच सेवा अन्तरआबद्धता गरी राष्ट्रिय परिचयपत्रका लागि सेवाग्राहीहरुले राष्ट्रिय परिचयपत्रको विवरण दर्तासहितको आवेदन फारम भर्न नपर्ने बनाइ सहज र नागरिकमैत्री सेवा उपलब्ध गराउँदा नागरिकलाई भलन्झटरहित सेवा उपलब्ध गराउनेगरी सेवा शुरु गरेका छौं।'- उनले भने।

'राष्ट्रिय परिचयपत्रका लागि सेवाग्राहीहरुले राष्ट्रिय परिचयपत्रको विवरण दर्ता आवेदन फारम भरी जैविक विवरणसहित आवेदन गर्न राष्ट्रिय परिचयपत्र इकाई रहेका स्थानमा बायोमेट्रिक जाने गरेको अवस्थाले नागरिकले खर्च गर्नुपरेको समय र लागतलाई न्यूनीकरण गर्ने मुल उद्देश्य रहेको छ।

## महान्यायाधिवक्ता भण्डारीविरुद्ध तीन उजुरी



बुटवल । महान्यायाधिवक्ता सविता भण्डारीविरुद्ध विभिन्न आरोपमा बुटवलका किरण विकले एकै दिन तीनवटा निकायमा निवेदन दिएका छन्। विकले चैत ८ गते अख्तियार दुरुपयोग अनुसन्धान आयोग, राष्ट्रिय मानवअधिकार आयोग र गृह मन्त्रालयमा छुट्टाछुट्टै निवेदन दर्ता गराएका हुन्। अख्तियार दुरुपयोगको आरोपमा दिइएको निवेदनको दर्ता नम्बर सी-०५०७०१/२०८२-१२-०८ रहेको छ। त्यस्तै, मानवअधिकार उल्लंघनसम्बन्धी निवेदन राष्ट्रिय मानवअधिकार आयोगमा दर्ता नम्बर २२६९/२०८२-१२-०८ मा दर्ता भएको छ भने गृह मन्त्रालयमा दिएको निवेदनको दर्ता नम्बर ६०५०/२०८२.१२.०८ रहेको छ।

बिकले होप फर्टिलिटी एन्ड डायग्नोस्टिक क्लिनिकसँग सम्बन्धित गतिविधिहरूमा अनैतिक तथा अवैध रूपमा डिम्ब व्यापार भएको र त्यसमा नाबालिकासमेत संलग्न भएको विषय सार्वजनिक भएको उल्लेख गर्दै गम्भीर कानुनी तथा नैतिक प्रश्न उठाएका छन्। उक्त क्लिनिकसँग अधिवक्ता सविता भण्डारीको प्रत्यक्ष वा परोक्ष संलग्नता रहेको दाबी पनि उनले गरेका छन्।

हाल भण्डारी महान्यायाधिवक्ता पदमा कार्यरत रहेकाले सरकारी मुद्दा सञ्चालन, प्रतिरक्षा तथा पुनरावेदन जस्ता जिम्मेवारीसँग सम्बन्धित निर्णयहरूमा स्वार्थको द्वन्द्व, पदको दुरुपयोग तथा न्यायिक प्रक्रियामा प्रभाव परेको हुन सक्ने आशंका बिकले व्यक्त गरेका छन्।

मानवअधिकार आयोगमा दिइएको निवेदनमा उनले मानवअधिकार उल्लंघन, न्यायिक निष्पक्षता र सुशासनमा असर परेको भन्दै निष्पक्ष छानबिनको माग गरेका छन्। त्यस्तै, गृह मन्त्रालयमा दिइएको निवेदनमार्फत् सम्भावित अनुसन्धानलाई प्रभावकारी बनाउन निगरानी बढाउन तथा आवश्यक परेमा भण्डारीको पासपोर्ट रोक्का वा यात्रा प्रतिबन्ध लगाउनसमेत माग गरिएको छ।

यसअघि पनि बिकले भण्डारीविरुद्ध विभिन्न स्थानमा एकल विरोध तथा प्रदर्शन गर्दै आएका थिए। उनका अनुसार डिम्ब व्यापारजस्तो अमानवीय, अनैतिक र जघन्य अपराधमा संलग्न व्यक्ति खुलेआम हिँड्नु सभ्य समाजका लागि खतरा हो।

साथै यसले राज्य संयन्त्रको कमजोरी उजागर गरेको उनको भनाइ छ। बिकले जिल्ला प्रहरी कार्यालय भद्रकालीमा पनि निवेदन दिन प्रयास गरेका थिए। तर मुद्दा शाखा प्रमुख राजु अधिकारीले उक्त विषय कार्यालयको क्षेत्राधिकारभित्र नपर्ने भन्दै निवेदन दर्ता गर्न अस्वीकार गरेको छ।

अनैतिक तथा अवैध गतिविधिमा वकिल संलग्न रहेको आरोप लगाउँदै बिक नेपाल बार काउन्सिलमा सविता भण्डारीको कानुनी अभ्यासको लाइसेन्सखारेजको मागसहित पुगेका थिए। तर त्यहाँ लाइसेन्स नम्बर उल्लेख गरेर मात्र निवेदन दिन भनिएपछि, आवश्यक विवरण थपेर पुनः निवेदन दिने तयारीसहित फर्किएको उनले बताएका छन्।

## तिनाउमा डुबेर दुई भारतीय बेपत्ता



पाल्पा । पाल्पाको तिनाउ खोलामा डुबेर दुई भारतीय पर्यटक बेपत्ता भएका छन्। तिनाउ गाउँपालिका-३, दोभान ड्यामसाइडस्थित जलविद्युत् आयोजनाको हेडबक्सनजिक उनीहरू डुबेको प्रहरीले जनाएको छ।

प्रहरीका अनुसार ५ जनाको समूहमा रहेका उनीहरूमध्ये २ जना पुरुष बेपत्ता भएका हुन्। जिल्ला प्रहरी कार्यालय पाल्पाका सूचना अधिकारी होमप्रकाश चौधरीका अनुसार उनीहरू डुबेर बेपत्ता भएको थाहा पाएपछि स्थानीय, सशस्त्र प्रहरी र दोभान प्रहरी चौकीको टोली खोजी कार्यमा जुटेको थियो। बेपत्ता हुनेहरूको नाम र ठेगाना खुल्न बाँकी छ।

# शिक्षक सरुवा र बढुवामा पैसाको चलखेल

TrAmrit Prasad Khanal
1h

वालिङ् मा पैसा खायर सरुवा गर्नी तनाब मनुवा हरु को लागि आउनी सरकार लाई 10 कार्यक्रम
1 हिमाली मा वि मा गणित लाई बिज्ञान बनाउदा ३ लाख
2 नि मा बि मा टापु सिफारिस लाई रणवीर सिफारिस १ लाख
3 बदुवा मा अ ब क द ए फ बाट 10 लाख
4 चक्र देबि समायोजन सरुवा 1 लाख
5 जामुने को 1 लाख
6 माझकोट टु जगत () 150 हजार
7 डुम्रे भञ्ज्याङ् टु जनहित खन्पिन 25 हजार
8 जनहित पाउदुरे टु भुम्रे 50 हजार
9 सहिद शुक्र टु जगत र जगत टु रनबिर 3 लाख
10 मीन यथबत बापत भेनश 22 हजार
यो यो ब्यक्ति चिन्नु कर्बाही गर्नु



**श्रीकृष्ण सिग्देल**
*स्याङ्जा*

स्याङ्जाको वालिङ नगरपालिकामा शिक्षक सरुवा र बढुवा गर्दा पैसाको चलखेल हुने गरेको रहस्य खुलेको छ। स्याङ्जाकै एक माध्यमिकस्तरका स्थायी शिक्षक अमृत खनालले सामाजिक सञ्जालमा शिक्षक सरुवा र बढुवामा वालिङ नगरपालिकामा पैसाको चलखेल हुने गरेको गम्भीर आरोप लगाएका छन्। खनालले सामाजिक सञ्जालमा यो आरोप लगाएपछि स्याङ्जामा हंगामा नै मच्चिएको छ। खनालले पोष्ट गरेको सामाजिक सञ्जालमा झण्डै २० लाखभन्दा माथि आर्थिक चलखेल भएको उल्लेख गरेका छन्।

मुलुकमा नयाँ सरकार गठन प्रक्रिया अगाडि बढीरहेका बेला शिक्षक खनालले आगामी सरकारलाई १० कार्यक्रम भन्दै पैसाको चलखेल गरेको घुमाउँरो परामा उल्लेख गरेका छन्।

उनले उल्लेख गरेको पोष्टलाई कसरी प्रमाणित गर्ने छन् भन्ने विषयले पनि तरङ्गित बनाएको छ। दरबन्दी फेरबदल, शिक्षक सरुवा र बढुवामा शिक्षकले रकम खर्च गर्नुपरेको बताएका छन्। कुन विद्यालयबाट कहाँ शिक्षक पठाउँदा कति रकम खर्च गर्नुपरेको समेत उल्लेख गरेका छन्।

हिमाली माविमा गणित विषयको दरबन्दी हटाएर विज्ञान विषयको दरबन्दी बनाइ शिक्षक सरुवा गर्दा ३ लाख, निमावि शिक्षक टापुभञ्याङ्मा सिफारीस गरिएको, तर रणवीरमा सिफारी गर्न लगाउँदा १ लाख, चक्रदेवी विद्यालयलाई समायोजन गरी पाइपर्ने ठाउँमा सरुवा गर्दा १ लाखलगायतका थुप्रै प्रश्न खनालले सामाजिक सञ्जालमा उठाएका छन्। शिक्षकको सरुवा गर्दा होटल खर्चदेखि बढुवामा १ लाखका दरले १० जना शिक्षकको १० लाखसम्म खर्च गरेको खनालले उठाएका छन्।

सामाजिक सञ्जालमा उठाएको विषय साँचो हो भन्ने विषयमा राजधानीकर्मीले खनालसँग टेलिफोनमा कुरागर्दा प्रमाण नै नभए पनि शिक्षकहरुले भनेका आधारमा आफूले सामाजिक सञ्जालमा लेखेको बताएका छन्। खनालले नगरपालिकाका जनप्रतिनिधि र कर्मचारी यो घटनामा संलग्न नभए पनि बिचौलीयाले ल्याएको काममा मतियारको काम भने नगरपालिकाले गरेको आरोप उनले लगाए। उनले टेलिफोनमा गरेको कुराकानीका आधारमा नगरपालिकामा बिचौलीया शिक्षकहरुको हाबी भएको विषय उठाएका छन्। तर बिचौलीयाको नाम भने खनालले उल्लेख गर्न चाहेनन्। बेला-बेलामा शिक्षक सरुवाको विषयमा वालिङ नगरपालिका विवादित बन्दै आएको छ। कतिपय सरुवाका लागि शिक्षक, अभिभावक नै अदालतसम्म पुग्ने गरेका घट्नाहरु पनि छन्।

कानुनविपरीत र अन्यायका विषयमा शिक्षक, अभिभावक अदालतसम्म पुग्नु, नगर शिक्षा ऐन संशोधन गरी वडा अध्यक्षलाई विद्यालय व्यवस्थापन समितिको अध्यक्ष बनाउने कानुन बनाउनुलगायतका घट्नाले विवादित बनेको नगरपालिकामा पुनः खनालले प्रश्न उठाएका विषयहरुले शिक्षक सरुवा र बढुवालगायतमा पैसाको चलखेल भएको हुनसक्ने शंका उब्जाएको छ।

यता वालिङ नगरपालिकाले सामाजिक सञ्जालमा आएको विषयलाई छानबिन गर्ने जनाएको छ। शिक्षा शाखाका प्रमुख ख्यानारायण काफ्लेले सामाजिक सञ्जालमा लेख्ने शिक्षकलाई पत्र काटेर प्रमाण पेश गर्न निर्देशन दिएको बताए।







जनहितमा जारी सन्देश

**बन डढेलो रोकथाम तथा नियन्त्रण सम्बन्धी**
**डिभिजन वन कार्यालय, नवलपरासी (ब.सु.प.) को अत्यन्त जरुरी सूचना**

सुख्खा खडेरी तथा गर्मीको समयमा बन जङ्गलमा डढेलो लाग्ने प्रवल सम्भावना रहन्छ। यसले हाम्रो प्राकृतिक सम्पदा क्षण भरमै नष्ट भै वातावरणीय सन्तुलनमा ठूलो असर पुग्ने, पानीका मुहान सुक्ने, भू-क्षय हुने, वायुमण्डलमा कार्बन उत्सर्जन हुन गई जलवायू परिवर्तनमा असर पुग्ने र गाउँवस्ती समेतमा डढेलो फैलिन गई जनधनको ठूलो क्षती हुन सक्छ।

तसर्थ

- आ-आफ्नो वरिपरिको वन डढेलो लाग्न सक्ने क्षेत्र पहिचान गरी सो क्षेत्रमा विशेष निगरानी राखौं। - वन जङ्गल तथा मानिस आवात जावत गर्ने बाटो घाटो सडकको दायाँ वायाँ रहेको पातपतिङ्गर नियमित रुपमा हटाऔं।
- सलाई लाईटर जस्ता प्रज्वलनशिल वस्तु केटाकेटीहरुको पहुँचबाट टाढा राखौं। त्यस्ता वस्तु लिएर वन जङ्गल प्रवेश नगरौं।
- पिकनिक वनभोज जाँदा आगो बालेपछि आगो निभाएर मात्र छोडौं। वन जङ्गल छेउछाउबाट हिड्दा वा यात्रा गर्दा चुरोट विंडीका ठुटाहरु नफालौ।
- वन क्षेत्र भित्र आवश्यकता अनुसार अग्नीरेखा निर्माण र सो को नियमित सरसफाई गरौं। -वन उपभोक्ता समूहले अग्नी नियन्त्रकको व्यवस्था गरी वनको नियमित अनुगमन गर्ने व्यवस्था अनिवार्य रुपमा मिलाऔं।
- अग्नी निरोधक सामाग्रीको उचित व्यवस्थापन गरी तयारी अवस्थामा राखौं।
- खरबारीमा राम्रो घाँस पलाउने, वनमा च्याउ उम्रने, घरछेउबाट वन्यजन्तु भगाउने, वन्यजन्तुको शिकार गर्ने, अरिङ्गाल पोल्ने, जङ्गली मौरीको मह काढ्ने जस्ता सोच राखी डढेलो लगाउने प्रवृति विगतका वर्षहरुमा देखिएकोले यस्तो गैह्र कानूनी कार्य नगरौं नगराऔं।
- वन जङ्गलसँग जोडिएको खेतबारीमा कृषि वालीका ठुटाकुटी, भिंगटा वाली सकेपछि आगो निभाएर मात्र छोडौं।
- बन जंगलमा डढेलो लाग्न नदिऔं, लागि हालेमा सबै मिलि जुटाई तुरुन्त निभाऔं। खरबारीमा राम्रो घाँस पलाउने, वनमा च्याउ उम्रने, घर छेउबाट वन्यजन्तु भगाउने, वन्यजन्तुको शिकार गर्ने, अरिङ्गाल पोल्ने, जङ्गली मौरीको मह काढ्ने जस्ता सोच राखी डढेलो लगाउने प्रवृति विगतका वर्षहरुमा देखिएकोले यस्तो गैह्रकानूनी कार्य नगरौं नगराऔं।
- वनमा डढेलो लगाउने कार्य वन ऐन २०७६ बमोजिम फौजदारी कसूर भएको हुँदा त्यस्तो कार्य गर्नेलाई सोही ऐनबमोजिम क्षतिको विगो असुल उपर गरी ६०(साठी)हजार रुपैयाँसम्म जरिवाना र तीन वर्षसम्म कैद हुने भएकोले त्यस्तो कार्य कसैले नगरौं नगराऔं।
- आगलागीबाट आफू पनि बचौ अरुलाई पनि बचाऔं।
- आ-आफ्नो क्षेत्रमा आगलागी भएको जानकारी भएमा नजिकको वन कार्यालय, नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीमा खबर गरौं।

डिभिजन वन कार्यालय
नवलपरासी, (ब.सु.प.), लुम्बिनी प्रदेश, नेपाल

## सम्पादकीय

# सद्भाव कायम गर्न सर्वपक्षीय प्रयास

कपिलवस्तुको महाराजगञ्ज बर्गदवामा भड्किएको साम्प्रदायिक झडपलाई नियन्त्रणमा लिएर समाजमा सद्भाव कायम गर्न भएको सर्वपक्षीय प्रयास सकारात्मक छ । सामान्य विषयबाट सुरु भएको झगडा उग्र बन्दा समाजमा सद्भाव बिग्रियो । सद्भाव खल्बलिनु हिन्दु र मुस्लिम समुदायकै कमजोरी नभएर व्यक्तिको उत्तेजनाले उत्पन्न भएको परिणाम हो । बिग्रिएको सद्भाव सपार्न दुवै पक्षका अगुवाको प्रयास प्रशंसनीय छ । स्थानीय प्रशासनको पहलमा राजनैतिक दल, जनप्रतिनिधि, नागरिक समाजका अगुवाहरुको सकारात्मक पहलकदमी र सामूहिकताले नै बिग्रिएको सद्भावको वातावरण सकारात्मक बाटोतिर जाँदैछ ।

महाराजगञ्ज नगरपालिकाको बर्गदवा गाउँमा शनिबार दिउँसो भएको धार्मिक विवादले तनावग्रस्त भएपछि स्थानीय प्रशासनले कफ्र्यु लगाएको थियो । कफ्र्युपछि पनि प्रदर्शन भएपछि प्रहरीले गोली चलायो । त्यसक्रममा झडप हुँदा प्रहरी र प्रदर्शनकारी गरी २३ जना घाइते भएका छन् । त्यसमध्ये चार जनालाई गोली लागेको छ । प्रहरीले ९ जनालाई नियन्त्रणमा लिएको छ । कफ्र्यु जारी छ ।

जिल्लास्तरीय समन्वय/सद्भाव बैठक बसेर आगामी दिनमा कुनै पनि पक्षबाट हिंसात्मक, उक्साहटपूर्ण गतिविधि र साम्प्रदायिक सद्भाव खलबलिने गतिविधि नगर्ने र हुन नदिने सामूहिक प्रतिबद्धतालाई व्यवहारमा उतार्न आवश्यक छ । जिल्ला प्रशासन कार्यालयद्वारा तौलिहवामा आयोजित बैठकमा घटनाका केही दोषी पक्राउ परेको र अन्यको खोजी कार्य र अनुसन्धान भइरहेकाले दोषीलाई पक्राउ गरी कानुन बमोजिम कडा कारबाही गर्ने, घटनामा घाइते भएकाको उपचारका लागि गृह मन्त्रालय र महाराजगञ्ज नगरपालिकालाई अनुरोध गर्ने पनि निर्णय गरिएको छ । भ्रामक सूचना, घृणाजन्य अभिव्यक्ति र कसैको उक्साहटमा अशान्ति पैदा गर्ने र गैरकानुनी गतिविधि गरेमा स्थानीय प्रशासनले कडा कारबाही गर्ने समेत निर्णय भएको छ ।

यस्ता घटनालाई न्यूनीकरण गर्न सामूहिक प्रतिबद्धता र पहलकदमीको खाँचो छ । बिगार्न कुनै एक व्यक्तिले तत्काल सक्छ । सामाजिक सञ्जालमा उत्तेजित अभिव्यक्ति दिने, अरुलाई लाञ्छना र घृणा फैलाउने गतिविधि सामाजिक सञ्जालमा हुनसक्छन्, तसर्थ सामाजिक सञ्जालको प्रयोगलाई जवाफदेही र मर्यादित बनाउन आवश्यक छ । सामाजिक सञ्जालमा फैलिने उत्तेजना र अराजक गतिविधि छिट्टै टाढाटाढासम्म फैलिने भएकाले समाजमा सद्भाव छिटो भड्किने जोखिम हुन्छ ।

यो बेला स्थानीय तहको अगुवाइमा मेलमिलाप कार्यक्रम चलाउन सकिन्छ । शान्ति र सद्भाव र्‍यालीले पनि समाजलाई लयमा हिडाउन सक्छ । साम्प्रदायिक हिंसा हुनुको कारण खोज्ने र त्यस्तो गतिविधि आगामी दिनमा हुन नदिन पहलकदमी लिन सक्दा मात्रै समाजमा सद्भाव कायम हुन सक्छ । त्यस्तो गतिविधि गर्नेको पहिचान र कानुनी कारबाहीले पनि समाजमा अराजकता नियन्त्रणको उपाय हो । कानुनको सही प्रयोगले नै दण्डहिनताको अन्त्य हुन्छ । र, समाज लयमा हिंड्न सक्छ ।

# अमेरिकी–इरान युद्ध नेपालले सिक्ने पाठ



बिन बहादुर कुँवर

आत्मआलोचना गर्दै यसको खारेजीको लागि सबै एक होउन । हिजो एमसीसी पारित गर्दा यी नेताहरुले जे बोले पनि अब गल्ती स्वीकारे जनताले माफी दिने नै छन् । चारपाटे मुडेर थानकोट काट्नै परेन । गल्ती स्वीकार गरे पुगिहाल्छ । नत्र भने देशभक्त नेपाली जनताले चारपाटे र थानकोट कटाउने मात्रै होइन एक युरोपी शासक चाउ चेस्कोलाई जस्तै लछार पछार टुक्राटुक्रा पारी सिध्याउने छन् ।





भेनेजुयलामाथिको अमेरिकी हस्तक्षेप र त्यहाँका राष्ट्रपति निकोलस मादुरोको अपहरणपछि अहिले अमेरिकाले फेरि त्यस्तै हस्तक्षेप र अतिक्रमण इरानमा गरिरहेको छ । त्यहाँका धार्मिक नेता खामेनी र उनका केही परिवारमाथि आक्रमण गरी हत्या नै गरिसकेको छ । त्यसको बदलामा इरानले पनि इजराइल अनि अरब मुलुकहरुका अमेरिकी शैन्य वेश एरियाहरुमा आक्रमण गरिरहेको छ । लगातार अहिले तीन हप्तासम्म अमेरिका, इजराइल र इरानबिच भीषण युद्ध चलिरहेको छ । दुई तीन दिनभित्र इरान कब्जा गर्ने अमेरिकी राष्ट्रपति ट्रम्पको चाहनालाई इरानले असफल पारिदिएको छ । एक प्रकारले यस युद्धमा इरान आक्रमक जस्तो देखिएको छ भने अमेरिका इजराइल रक्षात्मक जस्तो देखिएका छन् । राष्ट्रपति ट्रम्पले अरु पश्चिमा युरोपियन मुलुकहरुलाई सहयोगको लागि अनुरोध गरे पनि ती मुलुकहरुले त्यस्तो सहयोग नगर्ने भएका छन् । एक प्रकारले यो युद्धमा अमेरिका एक्लिन पुगेको छ । त्यही भएर अमेरिकाले वार्ताको नाटक गर्ने सुरसारमा देखिन थालेको छ । तर इरानले त्यसलाई सिधैं नकारेको छ । त्यसका लागि केही शर्तहरु अघि सारेको छ । तै पनि कुकुर तल परे पनि माथि परे पनि काइकाई भने जस्तै अमेरिकाले जित आफ्नै भएको र इरान हारिसकेको बताउन भने छोडेको छैन ।

धेरै पहिले नै लेनिनले भनेका थिए- साम्राज्यवाद पुँजीवादको अन्तिम मरणासान्न अवस्था हो । ठीक यो अब अमेरिकी साम्राज्यवादमाथि लागू हुँदैछ । यसको उदाहरण अहिलेको यो इरानी युद्धमा देखिन थालेको छ । इरानी जनताहरुले अहिले अमेरिका, इजराइल हस्तक्षेप र अतिक्रमणविरुद्ध एक जुटभई प्रतिकार गरिरहेका छन् । यसमा रुस, चीन, उत्तर कोरिया आदि थुप्रै राष्ट्रहरुको समर्थन भइरहेको छ । स्वयं अमेरिकी र इजराइली जनताहरु समेत यसको विरोध गरिरहेका छन् । इरान युद्ध बन्द गर, जित तिम्रो भयो रुदै कराउँदै हिडिरहेका थुप्रै दृष्यहरु देखाइरहेका छन् । तै पनि साम्राज्यवादी लुटेरा ट्रम्प र इजराइली प्रधानमन्त्री बेजामिनले इरान माथि आक्रमण गर्न छाडेका छैनन् । इरानी जनताहरुले पनि मर्न परेपछि किन डराउने अर्थात् कि मर कि गर भने जस्तै गरी एक जुट भई त्यसको प्रतिकार गरिरहेका छन् । एक प्रकारले मनोवैज्ञानिक रुपले जित इरानको भइसकेको छ । दुई तीन दिनभित्रै इरान कब्जा गर्ने ट्रम्पको घोषणा तुहिएपछि पहिलो जित त इरानको भइसकेको छ । त्यसपछि अर्को जित इरानका विरुद्ध पश्चिमा अरु मुलुकहरुसित ट्रम्पले गरेको हारगुहारबाट पनि भइसकेको छ ।

साम्राज्यवाद र यसको नियमको बारेमा क. माओले भन्नु भएको थियो- 'यसले गडबढी मञ्चाउँछ र विफल हुन्छ, यसले फेरि गडबढी मचाउँछ र फेरि पनि विफल हुन्छ र यसले यस प्रकार आफ्नो अन्तिम पतनको घडीसम्म यसै गरिरहन्छ, ठीक यस्तै गडबढी आज पनि अमेरिकाले विश्वभरि नै गर्दै आइरहेको छ । ठीक फेरि क. माओले यसको प्रतिकार जनताले पनि संघर्ष गर्नु, असफल हुनु, फेरि संघर्ष गर्नु, फेरि असफल हुनु, विजय प्राप्त नगरुञ्जेल संघर्ष गरिरहनु र उनीहरु पनि यो नीति बाहिर कहिल्यै जाने होइन, यो अर्को मार्क्सवादी नियम भएको बताउनुभएको छ । यो नियम धेरै पहिले भियतनाम युद्धमा देखियो त्यसपछि उत्तर कोरिया क्युवामा र अफगानिस्तानमा देखियो । अहिले भेनेजुयला र इरानमा देखिन थालेको छ । त्यस्तै क. माओले साम्राज्यवाद मापाको हुन्छ, भन्दै यसको स्वभाव कहिले पनि फेरिने छैन । साम्राज्यवादले आफ्नो बगरे चुप्पीलाई कहिल्यै हाप्ने छैन । ठीक यो अमेरिकी साम्राज्यवादप्रतिको आम मान्यता विश्वका हरेक राष्ट्र र जनताले बुझिराख्नु पर्दछ ।

अमेरिकाले आफू लोकतन्त्रवादी अझ त्यसको जननी नै भएको भन्दै आएको छ । तर यही अमेरिकी लोकतन्त्रमा फेरि यस्ता ट्रम्प जस्ता तानाशाहको उदय हुँदैछ । मानौं दोस्रो विश्व युद्धका तानाशाह हिटलर र मुसिलिनो जसले यो विश्व सबै आफू मातहत चल्नुपर्दछ । विश्व बादशाह नै भएको घोषणा गर्ने गरेका थिए । ठीक त्यही आज अमेरिकी राष्ट्रपति ट्रम्पले भन्दैछन् । भेनेजुयलामा आफ्नै निर्देशित सरकार अझ लाजै नै मानी इरानमा समेत आफू मातहतको सरकार अर्थात् अमेरिकी कठपुतली सरकार हुनुपर्ने बताएका छन् । ट्रम्पले विश्वको सबै राजनीति, अर्थतन्त्र अनि टेक्नोलोजी र प्रकृति सम्पदा सबै आफू निर्देशित मातहत हुनुपर्ने भन्दैछन् । उनको यो विश्व साम्राज्यलाई उनले भेनेजुयलादेखि अहिले इरान अनि पछि क्युवा हुँदै आइसलैण्ड र क्यानडा समेतलाई अमेरिकामा समावेश गर्ने भनिरहेका छन् । ट्रम्पको यो विश्व साम्राज्यलाई स्वयं युरोपियन मुलुकहरु समेतले स्वीकार गरेको स्थिति छैन । जसको परिणाम अहिले इरान युद्धमा अमेरिका एक्लिन पुगेको छ । अब फेरि विश्वले हिटलर र मुसिलिनी जस्तो २१औं शताब्दीका नयाँ तानाशाह बन्ने र बनाइने अवस्थामा कोही पनि देखिने स्थिति छैन ।

अमेरिका विश्वको एउटा ठूलो शक्तिशाली मुलुक हो । यस्तो हो भन्दैमा विश्वका अरु कुनै मुलुकहरु माथि यस्तो हस्तक्षेप र अतिक्रमण गर्न मिल्दैन । यसका विरुद्ध विश्वका सबै स्वतन्त्र र स्वाभाविक मुलुकहरु एक हुनुपर्दछ । अहिले यो इरानमाथिको हस्तक्षेप र अतिक्रमणका विरुद्ध विश्वका सबै मुलुकहरु एक भई अमेरिकालाई साथ दिइरहेका छैनन् । तर दुःखको कुरा हाम्रा देशका शासकहरु भने मौन छन् । यसको प्रभाव हाम्रा देशका नागरिकहरुलाई प्रत्यक्ष परिरहेको छ । अरब मुलुकमा रहेका लाखौं नेपालीहरुको अवस्था संकटमा छ । यस्तो स्थितिमा आफ्ना देशका लाखौं मजदूरहरुको उद्धारका लागि पनि उक्त इरानमाथि गरिएको त्यो सशस्त्र हस्तक्षेप र अतिक्रमणको विरोध गर्नुपर्दछ । उक्त युद्ध तत्काल बन्द गर्न दुवै पक्षहरुलाई आह्वान गर्नु पर्दछ । नत्र भने साढेको जुधाई बाच्छाको मिचाई भने जस्तै अमेरिका, इजराइल र इरानको लडाइ, तर लाखौं नेपालीहरुका मिचाइ भइसकेको छ । नेपाल सरकार भने रमिते मात्रै भइरहेको छ ।

इरानमाथिको यो अमेरिकी आक्रमणले नेपाललाई भने राम्रो पाठ सिकाएको छ । पहिलो पाठ त देश सानो वा ठूलो वा गरिब वा धनी जे होस् मुख्य त त्यो देशको स्वतन्त्रता र स्वाधिनताका लागि जनताको ठूलो त्याग, तपस्या र बलिदान गरेका छन् । जुन कुरा अहिले इरानी जनताहरुले प्रदर्शन गरिरहेका छन् । नेपालको हकमा पनि त्यसले नेपाली जनताहरुको हौसला बढाएको छ । हुन त हाम्रो पुरानो इतिहास नै यस्तै छ । नेपाल-बेलायत बिचको लडाइँ हाम्रो वीरताको गाथा नै बनेको छ । अब पनि त्यस्तै विरताको गाथा नगरी नयाँ र उन्नत नेपाल बन्दैन । अर्को पाठ यदि कुनै हालतमा यस्ता विश्व साम्राज्यवादी शक्तिहरु यहाँ नेपालमा भित्राउने काम भएमा हालत के हुने रहेछ र अरब मुलुकहरुमा अहिले देखिएका यो द्वन्द्वको प्रभाव र असरले प्रष्ट पारेको छ । खाई न पाई छालाको टोपी लाइ भने जस्तै अरब मुलुकहरुले त्यत्तिकै आपत र विपत पाइरहेका छन् । साढेको जुधाई बाच्छाको मिचाइ भने जस्तै अहिले अमेरिका सेना राख्न दिएको प्रतिफल ती अरब मुलुकहरुले भोगिरहेका छन् । ठीक यो अवस्था कुनै कारण अमेरिकी सेना नेपाल भित्रिए यहाँ पनि त्यस्तै हुने निश्चित छ । एमसीसी त नेपालमा भित्रिसक्यो । अब एसपीपी भित्रिने तरखरमा छ । अमेरिकाले घण्टी पार्टीको विजयलाई स्वागत गर्दै सुरक्षा चाँसो राखिसकेको छ । त्यो भनेको एसपीपी सन्धि सम्झौता गर्ने भनेको हो । गत भाद्र २३ र २४ को जेनजी आन्दोलन अनि रास्वपाको यो चुनावी विजय आदिले नेपालमा अमेरिकाको उपस्थितिलाई अझ बढी आधार निर्माण गरेको छ । हालै भएको अमेरिका, इजराइल र इरान युद्ध र त्यसले अरब मुलुकहरुमा पारेको प्रत्यक्ष असर जस्तै नेपालमा पनि नपरोस् भन्नका लागि अहिलेदेखि नै जनस्तरबाट खरबदारी गरिरहनु पर्ने भएको छ ।

स्वयं हिजो सदनबाट एमसीसी पारित गराउने कांग्रेस-एमाले र माओवादीहरुले पनि सोचुन र विचार गरुन् । यो गर्नु गलत भएको रहेछ । आत्मआलोचना गर्दै यसको खारेजीको लागि सबै एक होउन । हिजो एमसीसी पारित गर्दा यी नेताहरुले जे बोले पनि अब गल्ती स्वीकारे जनताले माफी दिने नै छन् । चारपाटे मुडेर थानकोट काट्नै परेन । गल्ती स्वीकार गरे पुगिहाल्छ । नत्र भने देशभक्त नेपाली जनताले चारपाटे र थानकोट कटाउने मात्रै होइन एक युरोपी शासक चाउ चेस्कोलाई जस्तै लछार पछार टुक्राटुक्रा पारी सिध्याउने छन् । अन्त्यमा विश्व साम्राज्यवादको असली चरित्रमाथि माओका भनाइहरुले स्पष्ट पारेको छ । साम्राज्यवाद जहाँ जान्छ त्यहाँ यस्तै नरसंहार नै गर्ने गरेको उदाहरण इराक, इरान, अफगानिस्तान, युक्रेन आदिको छ । त्यसैले हामी सबै सचेत बनौ नेपाल कुनै पनि हालतमा यस्तो मुलुक नबनोस् एमसीसी र एसपीपी नेपालमा चाहिंदैन । नेपाललाई युक्रेन, इरान जस्तै बनाउन पाइदैन ।

# नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि



काठमाडौँ । साताको कारोबारको पहिलो दिन आइतबार नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा उच्च अङ्कको वृद्धि देखिएको छ । नेप्से परिसूचक ५४ दशमलव ५१ अङ्क अर्थात् एक दशमलव ८९ प्रतिशतले बढेर दुई हजार ९३१ दशमलव ५५ को बिन्दुमा कायम भएको छ ।

विभिन्न ३६४ कम्पनीका छ करोड १४ लाख सात हजार ७४ कित्ता शेयर दुई लाख चार हजार ९५५ पटक खरिदबिक्री हुँदा रु २३ अर्ब ५९ करोड ७७ लाख १२ हजार १८२ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

कारोबारमा व्यापार समूह शून्य दशमलव ११ प्रतिशतले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धेरै लघुवित्त समूह चार दशमलव २१ प्रतिशतले बढेको छ । बैंकिङ दुई दशमलव ४९, विकास बैंक दुई दशमलव ४६, वित्त दुई दशमलव १३, होटल तथा पर्यटन तीन दशमलव ०५ र जलविद्युत् समूह शून्य दशमलव ५५ प्रतिशतले बढेको छ । त्यस्तै, लगानी शून्य दशमलव ७७, जीवन बिमा दुई, उत्पादन तथा प्रशोधन एक दशमलव ९३, म्युचुअल फन्ड एक दशमलव २४ र निर्जीवन बिमा समूह दुई दशमलव ७२ प्रतिशतले बढेको छ ।

नेप्सेका अनुसार छ वटा कम्पनीको शेयर मूल्यमा सर्किट लागेको छ । कर्पोरेट डेभलपमेन्ट बैंक लिमिटेड, सलपा विकास बैंक लिमिटेड, रिलायन्स स्पिनिङ मिल्स लिमिटेड, अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड, सोलु हाइड्रोपावर लिमिटेड र भुजुङ हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको हो । सबैभन्दा धेरै गुमाउनेमा भने एनआइसी एसिया ब्यालेन्स फन्डको शेयर मूल्य पाँच दशमलव ७१ प्रतिशतले घटेको छ ।

कारोबार रकम र कारोबार भएका शेयर संख्याका आधारमा सबैभन्दा धेरै कुमारी बैंक लिमिटेडको रु ८५ करोड ९६ लाख १५ हजार ६८३ बराबरको ३५ लाख ४६ हजार ८५३ कित्ता शेयर खरिदबिक्री भएको छ ।

# यी हुन् अदुवाका फाइदा



अदुवा निकै स्वादिलो मसलाजन्य परिकार हो । यो जति स्वादिलो छ उत्तिकै गुणकारी तथा लाभदायी पनि हुन्छ ।

अदुवामा जिंगेरोल नामक तत्व हुन्छ जुन शक्तिशाली औषधीय गुणयुक्त तत्व हो । अदुवाको नियमति सेवनले विभिन्न खाले फाइदा पूराउँछ सरीरमा जुन यसप्रकार छन् :

- यसले रक्तप्रवाहलाई सन्तुलित बनाउन सहयोग गर्दछ । अदुवामा क्रोमियम, म्याग्नेसियम तथा जिंक लवण पाइन्छ जसले रक्तप्रवाहलाई नियमित र सन्तुलित बनाउँदछ ।

-अदुवामा मधुमेह प्रतिरोधी गुण हुन्छ । अदुवाको नियमित सेवनले रगतमा सुगरको मात्रा नियन्त्रण गरिदिन्छ । साथै यसले रगतमा कोलेस्ट्रोलको मात्रा पनि नियन्त्रण गर्दछ ।

जसका कारण मुटुरोगको जोखिम पनि कम हुन्छ ।

- बिहानपख वाकवाकी लाग्ने समस्या भएकाहरुले अदुवाको सुठो चपाउनाले फाइदा गर्छ र उल्टी हुनबाट रोक्दछ । त्यसका साथै विभिन्न सर्जरी तथा क्यान्सरको केमोथेरापी गरेका बिरामीमा आउने वाकवाकी तथा वान्ता रोक्न पनि अदुवा सहयोगी हुन्छ । अझ गर्भवती महिलालाई बिहानपख आउने वाकवाकी नियन्त्रणमा यो रामवाण नै सावित हुन्छ ।

- यदि तपाइँलाई चिसो तथा रुघाखोकीले सताउँछ भने अदुवा नियमित रुपमा खाने गर्नुहोस् । अदुवा पोलेर खानाले खोकीमा फाइदा गर्छ ।

- छाति तथा करंग दुख्ने समस्यामा पनि अदुवाको सेवन फाइदाजनक हुन्छ ।

- धेरै थकान तथा कमजोरी महसुस हुने समस्या भएकाहरुका लागि पनि अदुवाको सेवनले राहत प्रदान गर्दछ ।

- जिउको कुनै मांशपेशी दुखेको तथा सुन्निएको छ भने अदुवा त्यस्तो पीडा कम गर्न उपयोगी हुन्छ । यसलाई नियमित रुपमा चपाएर वा अन्य परिकारमा मिसाएर खानाले यसले मांशपेशीले दुखाइ विस्तारै कम गर्छ ।

- बाथरोगी तथा जोर्नी दुख्ने समस्या भएकाहरुका लागि समेत अदुवाको सेवन लाभदायी हुन्छ ।

-अपचको समस्या झेलिरहेकाहरुका लागि पनि अदुवा निकै लाभदायी हुन्छ ।

अदुवाको धुलो नियमित रुपमा सेवन गर्नाले पाचन प्रक्रिया नियमित हुन्छ तथा राम्रोसँग दिसा हुन्छ ।

- अदुवाको नियमित सेवनले विभिन्न खाले संक्रमण जस्तै गिँजाको संक्रमण तथा स्वासनलीको संक्रमणको जोखिम पनि कम गरिदिन्छ ।

# बेमौसमी वर्षाले नौ करोड बराबरको काँचो इट्टामा क्षति



नेपालगञ्ज । दुई दिनसम्म परेको बेमौसमी वर्षाले करिब नौ करोड बराबरको काँचो इट्टामा क्षति पुगेको छ ।

इट्टा व्यवसायीका अनुसार पोल्नका लागि तयारी अवस्थामा राखिएको ठूलो परिमाणको काँचो इट्टा वर्षाले नष्ट भएपछि व्यवसायीलाई रु आठ करोड ७५ लाख बराबरको क्षति भएको इट्टा उद्योग व्यवसायी सङ्घ लुम्बिनी प्रदेशका उपाध्यक्ष तथा बाँकेको पिबिसी इट्टा उद्योगका सञ्चालक दीपक अधिकारीले जानकारी दिए । उनले बेमौसमी वर्षाले एउटा उद्योगमा मात्र करिब पाँच लाख काँचो इट्टा नष्ट भएको उल्लेख गरे ।

व्यवसायी अधिकारीले जिल्लामा रहेका ७० वटा इट्टा उद्योगमा तीन करोड ५० लाख काँचो इट्टा नष्ट भएकाले रु आठ करोड ७५ लाख बराबरको क्षति भएको बताए । एउटा काँचो इट्टाको मूल्य रु २.५० पैसा पर्ने अधिकारीले जनाए ।

व्यवसायीका अनुसार खुलाचौरमा भर्खरै तयार पारेर सुक्नका लागि राखिएका अधिकांश इट्टा पानीले भिजेर माटोमा परिणत भएका छन् । कर्णालीमा हिमपात भएसँगै बाँकेमा भएको वर्षाले यहाँका व्यवसायीले ठूलो क्षति बेहोर्नु परेको बाँकेका व्यवसायीहरुको भनाइ छ ।

इट्टा उद्योग व्यवसायी सङ्घ बाँकेका अध्यक्ष देवबहादुर केसीले हरेक वर्ष बेमौसमी वर्षाको चपेटामा परेर जिल्लाका उद्योगीले ठूलो क्षति बेहोर्नु परेको बताए । उनले सरकारले काँचो इट्टाको बिमा पनि नगर्ने र क्षतिपूर्ति पनि नदिने हुँदा व्यवसायीलाई ठूलो मर्का परेको उल्लेख गरे ।

# देशभरिका अस्पतालको सर्वेक्षण गरिँदै



काठमाडौँ । राष्ट्रिय तथ्याङ्क कार्यालयले देशभरका निजी स्वास्थ्य संस्था (अस्पताल)को सर्वेक्षणको तयारी गरेको छ ।

देशभरिका निजी स्वास्थ्य संस्थाले मुलुकको कुल गार्हस्थ उत्पादनमा कति योगदान पुर्याएका छन् भनेर अध्ययन गर्नका लागि सर्वेक्षण गर्न थालिएको तथ्याङ्क कार्यालयका निर्देशक तीर्थराज बरालले जानकारी दिए । उनका अनुसार देशभरिका निजी सही सामुदायिक अस्पतालले गणकबाट सर्वेक्षण गरिनेछ । उनले आगामी बैशाखदेखि असार मसान्तसम्म तथ्याङ्क सङ्कलनको काम गर्ने जानकारी दिए ।

"अहिले कर्मचारी करारमा लिएका छनोट गर्ने कार्य भइरहेको छ । ती कर्मचारीलाई तालिम दिनेछौँ", उनले भने-"अनि हामी ती कर्मचारीलाई तथ्याङ्क सङ्कलन गर्न अस्पतामा पठाउँछौँ ।"

उनका अनुसार सर्वेक्षणबाट अस्पतालको आर्थिक अवस्था, अस्पतालले प्रदान गर्ने रोजगारी संख्यालगायत तथ्याङ्क सङ्कलन गरिनेछ । कार्यालयले प्रत्येक १०/१० वर्षमा निजी स्वास्थ्य संस्थाको सर्वेक्षण गर्ने भने तापनि केही वर्ष ढिलाइ भएको उनको भनाइ छ ।

सन् २०१३ मा भएको सर्वेक्षणमा निजी स्वास्थ्य संस्थाको मुलुकको कुल गार्हस्थ उत्पादनमा एक प्रतिशतभन्दा कम योगदान रहेको कार्यालयका निर्देशक बरालले जानकारी दिए ।

त्यतिबेला एकसय वटा अस्पतालमा सर्वेक्षण गरिएको थियो । यसपटक भने देशभरि दुई हजार ५५१ अस्पतालमा सर्वेक्षण गरिने तयारी गरिएको छ ।

# दुर्गम सैघामा विद्युत् सेवाको पहुँच



घोराही । यहाँको घोराही उपमहानगरपालिका-१९ अन्तर्गत पर्ने सैघामा विद्युत् सेवाको पहुँच पुगेको छ । विद्युत् सेवा विस्तारसँगै स्थानीय खुसी भएका छन् ।

सैघा बोल्दीका स्थानीय धनबहादुर सार्कीका अनुसार गाउँमा विद्युत् सेवा पुगेपछि सबैभन्दा राहत भएको छ । उनको घरमा करिब एक महिनाअघि मात्र विद्युत्को सेवा पुगेको उनले बताए । "पहिले अँध्यारोमा बस्नुपर्थ्यो । बालबालिकाले टुकी वा सोलारको भरमा पढ्नुपर्थ्यो", उनले भने-"अहिले घरमा बत्ती बल्दा सहज भएको छ ।"

उनका अनुसार मोबाइल चार्ज गर्नकै लागि करिब ३० मिनेट टाढाको गाउँ जानुपर्ने बाध्यता थियो । गाउँमा विद्युत् पुगेपछि अहिले त्यो समस्या अन्त्य भएको छ । घरमा कोही बिरामी पर्दा रातिको समयमा उज्यालोको व्यवस्था गर्न कठिन हुने गरेको थियो । एकपटक बिरामी पर्दा घोराही बजारबाट सोलार ल्याएर बालेको दिन अझै सम्झनामा छ ।

उपमहानगरपालिकाभित्र बसोबास गरे पनि आधारभूत सेवा नपाउँदा आफूहरू उपेक्षित महसुस गर्दै आएको उनको गुनासो छ । स्थानीयहरूका अनुसार विद्युत् सेवा नहुँदा साना व्यवसाय सञ्चालन गर्न पनि असहज थियो । मिल, सिलाइकटाइ, कम्प्युटर सेवा, वेल्डिङजस्ता काम सम्भव थिएनन् । अब भने केही सहज भएको छ । युवाहरूले गाउँमै केही गर्न सक्ने वातावरण बन्दै गएको स्थानीयको भनाइ छ ।

घोराही-१९ का वडाध्यक्ष ज्ञानबहादुर रायमाझीले वडाका सबै बस्तीमा विद्युत् सेवा विस्तार गर्ने लक्ष्यका साथ काम अघि बढाइएको बताए । यसका लागि आफू लागिपरेको उनले बताए । आफू निर्वाचित भएपछि २०७९ सालमा रु तीन करोड ६७ लाख लागतमा ठेक्का आह्वान गरी विद्युतीकरणको काम सुरु गरेको उनी बताउँछन् ।

त्यसअघि प्रयास गरिए पनि सार्थकता पाउन सकेको थिएन । बाँकी रहेका ठाउँमा विद्युत् पुऱ्याउन २०८० सालको अन्त्यतिर पुनः अर्को ठेक्का प्रक्रियामार्फत् कामलाई निरन्तरता दिइएको उनले जानकारी दिए । तर ठेक्दार कम्पनीले समयमा काम नगर्दा योजना प्रभावकारी रूपमा अगाडि बढ्न नसकेको उनले बताए । नागरिकको घरमा छिटो विद्युत् पुर्याउने आफूहरूको योजनामा यसले समस्या भएको अध्यक्ष रायमाझीको भनाइ छ ।

उनका अनुसार सैघामा धेरै बस्तीमा बिजुली बलेको छ, तर लिथान, सातम, डाँडागाउँ, पाँचपोखरी र धनचौरलगायत बस्तीमा अझै सेवा पुग्न सकेको छैन । ती क्षेत्रमा काम छिटो सम्पन्न गर्न दबाब दिइरहेको उनले बताए । स्थानीयको अपेक्षा भने अब विद्युत्सँगै अन्य पूर्वाधार विकासमा पनि ध्यान दिनुपर्नेछ । यस वडा पहाडी क्षेत्र भएकाले सडक, खानेपानी, स्वास्थ्य सेवा र शिक्षा क्षेत्रमा समेत सुधार आवश्यक रहेको उनीहरूको भनाइ छ ।

# स्याङ्जाका ११ स्थानीय तहलाई एक अर्ब १२ करोड

**प्रकाश डोटेल**

*स्याङ्जा*




स्याङ्जाका ११ स्थानीय तहले आर्थिक वर्ष २०८३/८४ का लागि संघीय सरकारबाट एक अर्ब १२ करोड २३ लाख अनुदान पाउने भएका छन् । राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगले वित्तीय समानीकरण अनुदानतर्फ उक्त रकम दिन संघीय सरकारलाई सिफारिस गरेको हो ।

आयोगले न्यूनतम, सुत्रमा आधारित र कार्य सम्पादनका आधारमा स्थानीय तहलाई अनुदान दिन सिफारिस गर्ने गर्दछ । त्यहीं सिफारिसको आधारमा संघीय सरकारले संघीय सञ्चित कोषबाट वित्तीय समानीकरणको अनुदान स्थानीय तहलाई दिँदै आएको छ । सिफारिसअनुसार जिल्लाका पालिकामध्ये ५ नगरपालिकाले ६२ करोड ३६ लाख र ६ गाउँपालिकाले ४९ करोड ८७ लाख गरी ११ पालिकाले कुल एक अर्ब १२ करोड २३ लाख समानीकरण अनुदान पाउने छन् ।

आयोगले सिफारिस गरेअनुरुप जिल्लामा सबैभन्दा धैरै अनुदान रकम पाउनेमा वालिङ नगरपालिका रहेको छ ।

वालिङले १५ करोड २९ लाख अनुदान पाउँदा पुतलीबजार नगरपालिकाले १४ करोड १४ लाख पाउने भएको छ । गल्याङ नगरपालिकाले १२ करोड ६५ लाख अनुदान पाउँदा चापाकोट नगरपालिकाले १० करोड ३३ लाख र भीरकोट नगरपालिकाले ९ करोड ९५ लाख अनुदान पाउने भएका छन् ।

उता गाउँपालिकातर्फ कालीगण्डकी गाउँपालिकाले ९ करोड ३१ लाख पाउँदा बिरुवा गाउँपालिकाले ८ करोड ५५ लाख पाउने छ । आँधीखोला गाउँपालिकाले ८ करोड २१ लाख पाउँछ भने अर्जुनचौपारी गाउँपालिकाले ८ करोड १० लाख पाउने भएको छ । हरिनाश गाउँपालिकाले ८ करोड ७ लाख पाउँदा सबैभन्दा कम फेदीखोला गाउँपालिकाले ७ करोड ६३ लाख अनुदान पाउने भएका छन् ।

आयोगमार्फत् विभिन्न १७ सूचकलाई आधार मानेर स्थानीय तहको कार्यसम्पादन मूल्यांकन गरिन्छ । प्रदेश तथा स्थानीय तहको कार्यसम्पादन मूल्यांकन कार्यविधि, २०७८ अनुसार प्रदेश र स्थानीय तहको १७ सूचकमा गरिएको मूल्यांकनका आधारमा आयोगले वित्तीय समानीकरणको अनुदान दिन सरकारलाई सिफारिस गर्दै आएको छ ।

संघीय र प्रदेश सरकारले दिने विभिन्न खालका अनुदान तथा आन्तरिक श्रोतबाट संकलन हुने राजस्वको आधारमा स्थानीय तहले आफ्नो बजेट ल्याउने गरेका छन् ।

जिल्लाका स्थानीय तहको आन्तरिक श्रोत कमजोर हुँदा विकासका गतिविधिमा संघ र प्रदेश सरकारको अनुदानमा भरपर्न बाध्य भएका छन् ।

भरपर्दो आन्तरिक श्रोत नहुँदा वार्षिक रुपमा उक्त श्रोतबाट गर्न भनिएका घोषित दर्जनौ योजनाहरु घोषणामा सिमित बन्दै आएका छन् ।

# आठ महिनामा करिब ११ खर्ब व्यापार घाटा




बुटवल । चालु आर्थिक वर्ष २०८२/८३ को दोस्रो चौमासिक अवधिसम्ममा मुलुकले करिब रु ११ खर्बको व्यापार घाटा बेहारेको छ ।

भन्सार विभागले आइतबार सार्वजनिक गरेको गत फागुन मसान्तसम्मको वैदेशिक व्यापारको तथ्याङ्कअनुसार उक्त अवधिमा कुल रु १४ खर्ब ४० अर्ब ३६ करोड २२ लाखको कुल वैदेशिक व्यापारमा मुलुकले रु १० खर्ब ९८ अर्ब १३ करोड ८२ लाख घाटा बेहोरेको हो । पछिल्लो आठ महिनामा रु १२ खर्ब ८९ अर्ब २५ करोडको आयात र रु एक खर्ब ९१ अर्ब ११ करोड २० लाख बराबरको निर्यात भएको विभागले जनाएको छ ।

गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु आर्थिक वर्षमा आयात १२ दशमलव ५४ र निर्यात २९ दशमलव ८३ प्रतिशतले बढेको छ ।

गत फागुन मसान्तसम्ममा भारतसँगको व्यापार घाटा मात्र रु पाँच खर्ब ६७ अर्ब ३९ करोड छ । यस अवधिसम्ममा भारतबाट रु सात खर्ब २४ अर्ब छ करोडको वस्तु आयात भएको छ भने रु एक खर्ब ५६ अर्ब ६६ करोड बराबरको निर्यात भएको छ ।

त्यस्तै, छिमेकी मुलुक चीनसँग रु दुई खर्ब ७५ अर्ब ६६ करोड ७० लाखको आयात र रु ९८ करोड ३३ लाखको निर्यात हुँदा रु दुई खर्ब ६४ अर्ब ६८ करोड ३६ लाखको व्यापार घाटा व्यहोर्नुपरेको विभागले जनाएको छ । नेपालले बढी व्यापार घाटा बेहोरेका मुलुकमा अर्जेन्टिना तेस्रो, संयुक्त अरब इमिरेट्स चौथो र इन्डोनेसिया पाँचौं स्थानमा छन् ।

नेपालको वैदेशिक व्यापारमा नाफा भएका मुलुकमा भने रोमानिया, नर्वे, आइसल्याण्ड, नाइजर, इराक, केन्यालगायत छन् । पछिल्लो आठ महिनामा रोमानियासँग रु ५० करोड ६५ लाख, नर्वेसँग रु तीन करोड ३३ लाख र आइसल्याण्डसँग रु दुई करोड ५७ लाख बराबर व्यापार नाफा देखिएको छ ।

यस अवधिमा पेट्रोलियम पदार्थको आयात सबैभन्दा बढी छ । विभागका अनुसार पछिल्लो आठ महिनामा रु ८२ अर्ब १० करोड ५१ लाखको डिजेल, रु ४३ अर्ब ८९ करोड ७३ लाखको पेट्रोल र रु ३७ अर्ब ३१ करोड ३७ लाख बराबरको एलपी ग्यास आयात भएको छ ।

त्यस्तै, रु ८१ अर्ब १८ करोड ६४ लाख बराबरको कच्चा भटमास तेल आयात भएको छ भने रु २९ अर्ब ९३ करोड ५९ लाख बराबरको स्मार्टफोन, रु ३६ अर्ब ८२ करोड ३० लाखको फलामजन्य वस्तु, रु २३ अर्ब ४९ करोड ६७ लाखको सुन, रु १८ अर्ब ४४ करोड ७८ लाखको चाँदी आयात भएको छ । नेपालले बढी निर्यात गरेका वस्तुमा भटमास तेल पहिलो स्थानमा छ । पछिल्लो आठ महिनामा रु ७५ अर्ब ७७ करोड ४१ लाख बराबरको भटमास तेल निर्यात भएको छ ।

त्यस्तै, रु नौ अर्ब ४९ करोड, ६१ लाखको अलैंची, रु छ अर्ब ५३ करोड ९६ लाखको कार्पेट, रु छ अर्ब २० करोड २३ लाखको सूर्यमुखी तेल, रु चार अर्ब ३२ करोडको पाम तेल निर्यात भएको छ ।

# बाँके कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी

नेपालगञ्ज । बाँके कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी राखिएका छन् । अनौपाचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) र एडभोकेसी फोरमले गरेको संयुक्त अनुगमनमा सात सय कैदीबन्दी राख्ने क्षमता भएको कारागारमा ८८९ कैदीबन्दी तथा थुनुवा राखेको पाइएको हो ।

कारागारमा रहेका कैदीबन्दीहरू एउटै कोठामा १२ देखि ४० जना बस्नुपर्ने, शौचालय प्रयोगका लागि पालो कुर्नुपर्ने, स्वास्थ्य सेवा र पठनपाठनको व्यवस्थित सुविधा नहुँदा कैदी बन्दीले समस्या भोग्नुपरेको बताएका छन् ।

एडभोकेसी फोरम नेपालका क्षेत्रीय संयोजक अधिवक्ता बसन्त गौतमले कारागारमा कैदीबन्दी क्षमताभन्दा बढी हुनु मानवअधिकार उल्लङ्घनको गम्भीर समस्या भएको उल्लेख गर्दै आधारभूत स्वास्थ्य सेवा, सरसफाइ, शौचालय सुविधा, न्यायिक प्रक्रिया तथा शिक्षा सुनिश्चित गर्न सम्बन्धित निकायले तत्काल कदम चाल्नुपर्ने बताए ।

त्यसैगरी सो टोलीले जिल्ला प्रहरी कार्यालय बाँकेको हिरासत कक्षको पनि अनुगमन गरेको छ ।

सो हिरासतमा अहिले ६१ जना थुनुवा छन् । केही थुनुवाको म्याद थप नभइ अनुसन्धानका क्रममा रहेको अवस्था भेटिएको एडभोकेसी फोरमका संयोजक गौतमले जानकारी दिए ।

अनुगमन टोलीले कारागारमा रहेका कैदीबन्दीको आधारभूत मानव अधिकार, स्वास्थ्य, सरसफाइ र न्यायिक प्रक्रियामा देखिएका चुनौतीको विस्तृत अध्ययन हुनुपर्नेमा जोड दिएको छ । टोलीले कारागार व्यवस्थापन, कैदीबन्दीको दैनिक जीवनयापन र आधारभूत मानव अधिकार पनि नरहेको उल्लेख गरेको छ । इन्सेकका कार्यक्रम अधिकृत टेकनाथ आचार्यले थुनुवाहरूको आधारभूत मानवअधिकार, स्वास्थ्य सेवा र खानाको गुणस्तर सुनिश्चित गर्न आग्रह गरे ।

नौवस्ता कारागारमा हाल ६९१ जना कैदीबन्दी छन् । अनुगमन टोलीले कैदीबन्दीहरूको आवास क्षमता बढाउनुपर्ने, भीडभाड व्यवस्थापन, स्वास्थ्य बिमा पहुँच, न्यायिक सूचना प्रवाह र शिक्षा, धार्मिक अभ्यासको व्यवस्था थप प्रभावकारी बनाउन सम्बन्धित निकायले तत्काल पहल गर्नुपर्ने निष्कर्ष निकालेको संयोजक गौतमको भनाइ छ ।

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर
समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

न.प.जि.प्र.का.द.नं.४/०४५/०४६
दैनिक लुम्बिनी

# रास्वपाको सरकार बनेपछि अराजकता र दण्डहीनता : मसाल




**लुम्बिनी संवाददाता**

*बुटवल*

नेपाल कम्युनिस्ट पार्टी (मसाल) ले रास्वपा नेतृत्वमा सरकार बनेपछि देशमा शान्ति, सुव्यवस्था र सुशासन नभई अराजकता र दण्डहीनताको स्थिति उत्पन्न हुने बढी सम्भावना रहेको निचोड निकालेको छ।

पार्टीको बुटवलमा सम्पन्न केन्द्रीय समितिको पूर्ण बैठकले गत भदौ २३ र २४ को जेन-जी आन्दोलनलाई हिंसात्मक रूप दिन उक्साउने र २४ गरेको देशव्यापी तोडफोड, आगजनी र ध्वंसात्मक कार्यका लागि जिम्मेवार व्यक्तिहरू राजनीतिमा हाबी भएकाले त्यस्तो स्थिति आउने ठहर गरेको हो। युक्रेनमा राजनीतिक चरित्र र पृष्ठभूमि नभएका जेलेन्सकी सत्तामा जाँदा युद्ध र विनाशको स्थिति उत्पन्न भएको उदाहरण मसालले दिएको छ।

पार्टीका निर्णयबारे जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा महामन्त्री मोहनविक्रम सिंहले चुनावपछिको वर्तमान राजनीतिक अवस्थालाई मुलुक गम्भीर मोडमा पुगेको बताएका छन्।

उनले अहिले आएको जनमत अमेरिकी डिजाइन र योजनामा आएको आरोप लगाउँदै हालै सम्पन्न आम निर्वाचनको परिणामलाई जनमत भन्न नमिल्ने दाबी गरे।

उनले आम निर्वाचन नेपालको आवश्यकता, संविधानको मर्म र जनताको चाहनाअनुसार नभई बाह्य शक्ति, विशेषतः अमेरिकी रणनीतिअनुसार भएको आरोप लगाए। संसद् विघटनदेखि मध्यावधि निर्वाचनसम्मको प्रक्रिया योजनाबद्ध रूपमा अघि बढाइएको दाबी गर्दै उनले त्यसबाट देशमा कठपुतली सरकार निर्माणको आधार तयार भएको टिप्पणी गरे।

महामन्त्री सिंहले भदौ २३ र २४ गते देशभर भएको आन्दोलनलाई मूलतः भ्रष्टाचार, सामाजिक अन्याय र विसंगतिविरुद्धको जन असन्तोषको अभिव्यक्ति भएको बताए।

तर, स्पष्ट नेतृत्व र राजनीतिक दिशा नहुँदा उक्त आन्दोलनलाई विभिन्न अवसरवादी शक्तिहरूले आफ्नो स्वार्थअनुसार प्रयोग गरेको उनको भनाइ छ। उनले युवाहरूको स्वतःस्फूर्त सहभागिता रहेको शान्तिपूर्ण आन्दोलनलाई हाइज्याक गरिएको आरोप समेत लगाए।

उनले नेपालमा अमेरिकी प्रभाव विस्तार गर्ने प्रयास तीव्र भएको दाबी गर्दै केही राजनीतिक दलहरू त्यसप्रति नरम देखिएको टिप्पणी गरे।

एमसीसी जस्ता परियोजनामार्फत् नेपालमा रणनीतिक प्रभाव बढाउने प्रयास भइरहेको उल्लेख गर्दै उनले त्यसले राष्ट्रिय स्वाधीनता र दीर्घकालीन हितमा नकारात्मक असर पार्ने चेतावनी दिए।

भदौ २३ र २४ गते भएका हिंसात्मक घटनाबारे सरकारले गठन गरेको छानबिन आयोगको प्रतिवेदन सार्वजनिक नगरिएको प्रति उनले आपत्ति जनाए। आन्दोलनका क्रममा सर्वसाधारण माथि गोली प्रहार, आगजनी र तोडफोड जस्ता घटनालाई गम्भीर अपराधको संज्ञा दिँदै दोषीमाथि निष्पक्ष र कडा कारबाही गर्न माग गरे।

साथै, शान्तिपूर्ण आन्दोलनको दाबी गर्ने पक्षले हिंसात्मक गतिविधिप्रति जिम्मेवारी लिनुपर्ने उनको भनाइ थियो।

उनले सामाजिक सञ्जाल र सञ्चारमाध्यममार्फत् जनमत प्रभावित पारिएको दाबी गर्दै चुनावी परिणाम जनताको वास्तविक समर्थनभन्दा प्रचार र मनोवैज्ञानिक प्रभावको परिणाम भएको टिप्पणी गरे।

विगतमा जनचेतना विकृत हुँदा निरंकुश व्यवस्था लामो समय टिकेको उदाहरण दिँदै अहिले पनि त्यस्तै जोखिम दोहोरिन सक्ने उनले चेतावनी दिए। पत्रकार सम्मेलनमार्फत् मसालले वर्तमान राजनीतिक अवस्थालाई गम्भीर चुनौतीका रूपमा प्रस्तुत गर्दै राष्ट्रिय स्वाधीनता, पारदर्शिता र जनताको हितअनुसार राजनीति सञ्चालन गर्नुपर्ने आवश्यकता औंल्याएको छ।

साथै, हिंसात्मक घटनाको निष्पक्ष छानबिन, दोषीमाथि कारबाही र बाह्य प्रभावबाट मुक्त राष्ट्रिय नीति अवलम्बन गर्न सबै पक्षलाई आग्रह गरिएको छ।

पत्रकार सम्मेलनमा राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसीले काँग्रेस, एमालेलगायतका दलले एसपीपी पारित नगरेपछि उनीहरूको सरकार ढालेर बारबरा फाउन्डेसन नामको आइएनजिओका मान्छेको नेतृत्वमा सरकार बनाई मध्यावधि चुनावमार्फत् अमेरिकाले आफू अनुकूलको दललाई जिताएको आरोप लगाए।

चीनविरुद्ध लड्न अमेरिकाले नेपालमा षड्यन्त्र गरेर दलाई लामालाई स्थापित गर्न खोजेको केसीको आरोप छ। नेता केसीले नेपाली कांग्रेसलाई अमेरिकाको सीआइएले फुटाएको आरोप समेत लगाए।

# बुटवल महामेलामा राष्ट्रिय कलाकारको लर्को

बुटवल । बुटवल देवीनगरमा जारी महामेलामा दैनिकरुपमा प्रस्तुति दिइरहेका राष्ट्रियस्तरमा ख्यातिप्राप्त कलाकारहरुको लर्कोले महामेलाको रौनक बढाएको छ।

महामेलामा दैनिकरुपमा ख्यातिप्राप्त राष्ट्रिय तथा स्थानीय कलाकारहरुको सांगीतिक प्रस्तुति रहने गरेको छ।

विशेषगरी साँझपख संगीतपारखी दर्शकहरुको महामेलामा भीड लाग्ने गरेको आयोजक संस्थाका अध्यक्ष गोविन्द भुसालले बताए । आफूलाई मनपर्ने कलाकारको सांगीतिक प्रस्तुतिमा रमाउन र आवश्यक सामान किनमेल तथा रेष्टुरेण्टमा खानपीनका लागि दर्शकहरु महामेलामा आउने क्रम दिन प्रतिदिन बढ्दो क्रममा रहेको अध्यक्ष भुसालले बताए।

दिनभर जस्तो सुनसान हुने महामेला साँझ ४ बजेपछि लोकप्रिय कलाकारहरुको प्रस्तुति सुरुसँगै चहलपहल र भीडभाड बढ्ने गरेको सांस्कृतिक संयोजक दीपेन्द्र न्यौपानेले बताए।

आइतबार लोक दोहोरी गायक खुमन अधिकारी, आधुनिक गायक हेमन्त शर्मा, लोक दोहोरी गायिका लालमाया थापा, गायकहरु शिव क्षेत्री, भुवन खड्कालगायतको प्रस्तुतिले दर्शकलाई भरपूर मनोरञ्जन दिलाएको सांस्कृतिक संयोजक दीपेन्द्र न्यौपानेले बताए। आज सोमबार चर्चित लोकदोहोरी गायक चन्द्र शर्मा, दोहोरी गायिका प्रिति आले, हास्य कलाकार उज्ज्वल गिरी, टप सानेनी डान्स ग्रुपलगायतका कलाकारको गीत र नृत्य रहने छ।

रेष्टुरेण्टसहित सय बढी स्टल रहेको महामेलामा बाल उद्यान, जल परी, पर्यटकीय स्थलहरुको फोटो, डान्स आइडल, जोडी नृत्यलगायतका विविध सांस्कृतिक कार्यक्रमहरु समावेश छन्।

चैत २४ सम्म चल्ने महामेला फरवार्ड मल्टिपर्पोज कम्पनीले महामेला आयोजना गरेको हो भने महामेलाको संरक्षक बुटवल उप-महानगरपालिका रहेको छ।




# प्रथम बटौली कप क्रिकेटमा गोलपार्क र स्टार विजयी




भैरहवा । भैरहवामा 'प्रथम बटौली कप-२०८२ टी-२० क्रिकेट प्रतियोगिता सुरु भएको छ। पृथ्वीनारायण शाह स्पोर्टस् प्रतिष्ठानको आयोजना, रुपन्देही क्रिकेट संघको व्यवस्थापन र बुटवल उपमहानगरपालिकाको सहयोगमा आइतबारदेखि प्रतियोगिता सुरु भएको हो।

आइतबार भएका दुई खेलमा बुटवल गोलपार्क क्रिकेट क्लब र स्टार क्रिकेट एकेडेमी विजयी भएका छन्। गोलपार्कले लुम्बिनी शाक्यन क्रिकेट क्लबलाई ६३ रन र स्टारले पाल्पा-११ लाई ५ विकेटले पराजित गर्दै जित हात पारेको हो।

भैरहवास्थित सिद्धार्थ क्रिकेट भएको पहिलो खेलमा टस जितेर ब्याटिङमा आएको गोलपार्कले निर्धारित २० ओभरमा सबै विकेट गुमाउँदै १ सय ५३ रन बनायो। उसका लागि ईश्वर क्षेत्री र सागर गैरेले समान ३७-३७, सुजन गौतमले १९, दीपेश रोकाले १५ र हरजीत सिंहले १० रन जोडे। बलिङमा लुम्बिनी शाक्यनका सचिन राजभरले ३, अजमत अली र गल्सन यादवले २-२ तथा आकाश गिरीले १ विकेट लिए।

जवाफी ब्याटिङ गरेको लुम्बिनी शाक्यनले ७ विकेट गुमाएर ९० रन मात्रै बनायो। उसका लागि प्रियान्सु बर्माले २८ र राहत हुसेनले १९ रन बनाए। बलिङमा गोलपार्कका सागर गिरी र हरजित सिंहले समान २-२ तथा कलम अली, सुमित थापा र रिक्की पुनले १-१ विकेट हात पारे। खेलमा सागर गैरे प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे।

यस्तै, दोस्रो खेलमा टस जितेर ब्याटिङ गरेको पाल्पाले १९ ओभर ३ बलमा सबै विकेट गुमाएर ९५ रन मात्रै बनायो। उसका लागि जय गोदारले २१, नविन भण्डारीले १९, रोशन घिमिरले १३ र सन्दीप बनियाँले १२ रन बनाए। बलिङमा स्टारका प्रेमसागर दादव, लेख क्षेत्री, कृष्ण विक र किशान भारतीले समान २-२ तथा प्रज्ज्वल अर्याल र सुमन केसीले १-१ विकेट लिए।

जवाफी ब्याटिङ गरेको स्टारले १७ ओभर ४ बलमा ५ विकेट गुमाएर ९६ रन बनाउँदै जित निकाल्यो।

उसको जितमा विन्दराम यादवले ४३, आशिष यादवले २२ र रन्जित मौर्यले १३ रनको योगदान गरे। बलिङमा पाल्पाका जय गोदारले ३ तथा शिशिर लुईंटेल र मनिष न्यौपाले १-१ विकेट लिए। खेलमा किशान भारती प्लेयर अफ द म्याच भई एक हजार रुपैयाँ प्राप्त गरे।

चैत्र १५ गतेसम्म चल्ने प्रतियोगितामा नेपाल र भारतका गरी १६ टीम सहभागी छन्। आयोजकका अनुसार प्रतियोगिताको विजेता टिमले नगद ५० हजार र ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ। यस्तै, उपविजेताले नगद २५ हजारसहित मेडल, म्यान अफ द सिरिजले ट्रफी र १० हजार, बेष्ट बलर र ब्याटरले ट्रफी र जनही ५ हजार तथा प्रत्येक खेलको म्यान अफ द म्याचले एक हजार रुपैयाँ प्राप्त गर्नेछन्।

# स्थापना दिवसमा २१ जनाद्वारा रक्तदान




बुटवल । मासु व्यवसायी संघ नेपाल रूपन्देहीले २१औं स्थापना दिवसका अवसरमा रक्तदान गरेको छ। संघको सचिवालयमा आइतबार भएको रक्तदानमा संघका पदाधिकारी, कार्यसमिति सदस्य, व्यवसायी र अन्य समेत गरी २१ जनाले रक्तदान गरेका संघका महासचिव थानिश्वर सुवेदीले जानकारी दिए।

संघले २०६२ सालदेखि स्थापना दिवसका अवसरमा हरेक वर्ष निरन्तर रक्तदान गर्दै आएको छ।

रक्तदानमा सहभागीलाई संघका अध्यक्ष विशाल थापा, महासचिव सुवेदी, रक्तदान कार्यक्रम संयोजक विजय शाहीलगायतले प्रमाणपत्र प्रदान गरेका थिए। कार्यक्रमलाई रक्त सञ्चार सेवा केन्द्र बुटवलले प्राविधिक सहयोग गरेको थियो।

# कांग्रेसमा देउवा पक्षको समानान्तर गतिविधि सुरु

बुटवल । नेपाली कांग्रेसभित्रको विवाद बढ्न थालेको छ। विशेष महाधिवेशनबाट निर्वाचित केन्द्रीय कार्यसमितिको बैठक पार्टी केन्द्रीय कार्यालय सानेपामा जारी रहँदा शेरबहादुर देउवा र शेखर कोइराला समूहले पुरानो केन्द्रीय समिति बैठक बोलाउने निर्णय गरेको हो।

नेता मीनबहादुर विश्वकर्माका अनुसार आइतबार बिहान नेता पूर्णबहादुर खड्काको संयोजकत्वमा पार्टी कार्यसम्पादन समितिको बैठक बसेको थियो। 'आइतबार पूर्णबहादुर खड्काको नेतृत्वमा कार्यसम्पादन समितिको बैठक बस्यो। बैठकले छिटै केन्द्रीय कार्यसमितिको बैठक बोलाउने निर्णय गरेको छ।'- धुम्बाराहीमा बसेको बैठकबारे उनले भने।

बैठक खड्काले नेताहरूसँग आवश्यक परामर्श गरी समय र मिति तय गर्ने उनको भनाइ छ। उनले बैठकमा कांग्रेस सभापति गगनकुमार थापा र उपसभापति विश्वप्रकाश शर्मालाई नबोलाइने पनि बताए। यसअघि पूर्णबहादुर खड्काकै अध्यक्षतामा बसेको बैठकले थापा र शर्मालाई कारबाही गरेको थियो। सोहीकारण आगामी बैठकमा उनीहरूलाई नबोलाइने विश्वकर्माको भनाइ छ।

यो समूहले पार्टीको विशेष महाधिवेशनविरुद्ध अदालतमा मुद्दा दायर गरेको छ। मुद्दा विचाराधीन रहेकोले अन्तिम फैसला नआउञ्जेल पार्टीमा गतिविधि जारी रहने उनको भनाइ छ।

बैठकमा नेताहरू खड्का, शेखर कोइराल, शशांक कोइराला, प्रकाशमान सिंह, विमलेन्द्र निधि, विजय गच्छदार, बालकृष्ण खाँण, ज्ञानेन्द्रबहादुर कार्की, प्रकाशशरण महत, मीनेन्द्र रिजाल, धनराज गुरुङ, जीवन परियार, बद्री पाण्डेलगायत सहभागी थिए।

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया
डिजाइनर्स/अफसेट प्रेस

सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




क्षयरोगबाट बचौं र बचाऔं।

- खोक्दा र हाछ्यूँ गर्दा मुख छोप्ने तथा मास्क प्रयोग गर्ने बानी बसालौं,
- दुई हप्ताभन्दा बढी खोकी लागेमा तुरुन्त स्वास्थ्य संस्थामा जाँच गराऔं,
- क्षयरोग लागेमा निःशुल्क परीक्षण र उपचार सेवा प्राप्त गरौं,
- नियमित औषधि सेवनले क्षयरोग निको हुन्छ, चिकित्सकको सल्लाह अनुसार औषधि सेवन गरौं।
- क्षयरोग लागेको विरामीको सम्पर्कमा रहँदा सतर्क बनौं,
- बिरामीलाई भेदभाव नगरौ, साथ र सहयोग दिऔं.
- क्षयरोग लागेको बिरामीलाई पोषणयुक्त खाना र सरसफाइमा ध्यान दिऔं,

क्षयरोग निको हुन्छ भन्ने सन्देश फैलाऔं।

नेपाल सरकार विज्ञापन बोर्ड

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com